## संघीय संसद
## राष्ट्रिय सभा

श्री सचिव,

राष्ट्रिय सभा ।

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७८(१)(ग) बमोजिम देहायको सङ्कल्प प्रस्ताव प्रस्तुतिको अनुमतिका लागि सोही नियमावलीको नियम ७९ बमोजिम सूचना दिएको छु ।

### सङ्कल्प प्रस्तावको व्यहोरा

"अपाङ्गता भएका व्यक्तिको सम्मानजनक, मर्यादित र स्वतन्त्र जीवनयापनका लागि संविधानप्रदत्त मौलिक हक तथा नेपाल पक्ष रहेको अपाङ्गता अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि र सम्बन्धित कानूनहरूको सफल र प्रभावकारी कार्यान्वयन गर्नु नेपाल राज्यका सबै तहका सरकार तथा निकायको उच्च प्राथमिकता रहनेछ ।"

### सङ्कल्प प्रस्ताव प्रस्तुत गर्नुको औचित्य र कारण

नेपालको संविधानले अपाङ्गताको आधारमा गरिने सबै खाले भेदभावलाई निषेध गरेको छ भने सामाजिक न्याय, राजनीतिक अधिकार, सामाजिक सुरक्षा, शिक्षा लगायत मौलिक हक अन्तर्गत अपाङ्गता भएका व्यक्तिका अधिकार र सवालहरूलाई सम्बोधन गरेको छ । संविधानप्रदत्त मौलिक हक कार्यान्वयनका लागि विशेष ऐनका रूपमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा नियमावली, २०७७ र पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सम्बन्धी निर्देशिका, २०६९ जारी गरिसकेको छ । मुलुक संघीय संरचनामा प्रवेश गरेसँगै बनेका कतिपय विषयगत कानूनहरू जस्तै स्थानीय सरकार सञ्चालन ऐन, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, सामाजिक सुरक्षा ऐन लगायतका कानून तथा राष्ट्रिय शिक्षा नीतिलगायतका नीतिहरूमा पनि अपाङ्गता भएका व्यक्तिको हक प्रचलन गराउने विभिन्न प्रावधानहरू समावेश छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेका पुनस्र्थापना सम्बन्धी १० वर्षे रणनीति, सहायक सामग्री सम्बन्धी मापदण्ड र निर्देशिकाहरू अपाङ्गता भएका व्यक्तिका अधिकार संरक्षण गर्नेतर्फ लक्षित छन् । तर अपाङ्गता सम्बन्धी यत्ति धेरै संवैधानिक तथा कानूनी प्रावधानहरूको व्यवस्था भएतापनि यसको प्रभावकारी कार्यान्वयन मुख्य चुनौतिको रूपमा खडा भएको छ । मौजुदा कानूनी व्यवस्थाको कमजोर कार्यान्वयन र कतिपय कानूनमा विद्‍यमान अपाङ्गता भएका व्यक्तिमाथि कानूनी विभेदले सिर्जना गरेको समस्या एकातर्फ छ भने कानूनप्रदत्त हकको प्रचलनमा राज्यका निकायले नै चासो र प्राथमिकतामा नराख्नुले अपाङ्गता भएका व्यक्तिहरू थप मर्कामा परिरहेको महसुस गरीरहेका छन् ।

यसै सन्दर्भमा दिगो विकास लक्ष्यको मूल मर्म नै विकासका हरेक क्षेत्रमा कसैलाई पनि पछाडि नछोड्ने हो । दिगो विकास लक्ष्यले अपाङ्गता भएका व्यक्तिहरूलाई मुख्य लाभग्राहीका रूपमा समेटेको छ । व्यावहारिक रूपमा यसको अर्थ विकासमा हालसम्म सबैभन्दा पछाडि परेकाहरूलाई प्राथमिकतामा राखेर विकासका कार्यक्रमहरू लागु गर्नुपर्छ भन्ने हो । नेपालमा

संविधान लगायत विकासका विभिन्न दस्तावेजहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक, आर्थिक लगायत सबै क्षेत्रमा पछाडि पारिएको समुदायको रूपमा स्वीकार गरिसकेको छ । तर नेपाल सरकारले दिगो विकासलाई लक्षित गरी लागु गरेका कार्यक्रमहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई समेट्न सकेको छैन । दिगो विकास लक्ष्यका विभिन्न कार्यक्रमहरूले अहिलेसम्म कति अपाङ्गता भएका व्यक्तिहरूलाई के लाभ दियो भन्ने विषयमा सरकारसँग कुनै स्पष्ट तथ्याङ्क वा सूचना समेत छैन । मुलुकमा व्यवस्था परिवर्तन भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको करिब १५ वर्ष, संविधान जारी भएको करिब ८ वर्ष र संविधान जारी भएपछि तीनै तहको निर्वाचन सम्पन्न भई संविधान कार्यान्वयन गर्दै समृद्धिका लागि तीनै तहका सरकारहरूले नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गरेको पनि करिब ६ वर्ष वितिसकेको छ । यस अवधिमा केही कानूनी प्रबन्ध समेत भए तापनिप्रभावकारी कार्यान्वयन हुन नसक्दा संविधानप्रदत्त अधिकारहरू अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा चरितार्थ हुन सकेका छैनन् । यसबाट अपाङ्गता भएका व्यक्तिका सुखद् सपनासँग गाँसिएका अधिकारहरू लिखतमा मात्रै सिमित हुने र राज्यको व्यवस्थामा परिवर्तन भएपनि अपाङ्गता भएका व्यक्तिका अवस्था भने उस्तै नै रहिरहने हो कि भन्ने चिन्ता बढेको छ।

तसर्थ अपाङ्गता भएका व्यक्तिको लागि अवरोधमुक्त, समतामूलक, सम्मानजनक तथा मर्यादित जीवनयापनका लागि संविधान तथा कानूनप्रदत्त मौलिक हक तथा नेपाल पक्ष रहेको अपाङ्गता अधिकार सम्बन्धी महासन्धिले सुनिश्चित गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्नु नेपाल राज्यका सबै तहका सरकारी निकाय तथा सम्बन्धित सरोकारवालाको उच्च प्राथमिकता, दायित्व र जिम्मेवारी हो । तसर्थ यही सन्दर्भलाई मध्यनजर गर्दै अपाङ्गता भएका व्यक्तिका पक्षमा बनेका सबै संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन विभेदकारी व्यवस्थाहरूको संशोधन वा खारेज तथा बन्न बाँकी कानूनी प्रबन्ध गर्न समेत नेपाल सरकारलाई देहाय बमेजिमका निर्देशनहरू दिन जरूरी देखिएकाले यो सङ्कल्प प्रस्ताव गरिएको छ ।

**सम्बन्धित मन्त्रालय**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, अर्थ मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सहरी विकास मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

## निर्देशन

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

(क) अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण, विकास र अधिकारको कायान्वयनको अनुगमन, अध्ययन तथा अनुसन्धान, योजना तथा नीति निर्माणमा सहयोग, लगायत अपाङ्गताका सवालमा काम गर्ने सबै अपाङ्गता समूहको अर्थपूर्ण प्रतिनिधित्व हुने गरी अधिकार सम्पन्न अपाङ्गता अधिकार प्रवद्र्धन प्रतिष्ठान वा आयोग स्थापना गर्ने । क्रमशः यसको प्रदेश र स्थानीय स्तरमा समेत प्रभावकारी संयन्त्र बनाउन ।

(ख) अपाङ्गताका सवालहरूमा अन्तर मन्त्रालय समन्वय गर्नका लागि एक समन्वयकारी संयन्त्र तयार गर्ने र यस संयन्त्रलाई अधिकार सम्पन्न बनाउन । सेवाप्रदायक निकायहरूमा अपाङ्गता सहायता कक्ष (Disability Help Desk) स्थापना गर्ने ।

(ग) कानूनमा भएका अपाङ्गता भएका व्यक्तिप्रति विभेद जनिने कानूनी व्यवस्थाहरूको अध्ययन गरी उक्त व्यवस्थाहरू यथाशिघ्र खारेज, संशोधन वा नयाँ निर्माण गर्ने प्रक्रिया अगाडि बढाउन सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिन ।

(घ) संविधानको धारा ८४ र १७६ अनुसार प्रतिनिधिसभा तथा प्रदेशसभा लगायत राज्यका विभिन्न निकायमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचन सम्बन्धी कानूनमा अनिवार्य कोटाको व्यवस्था गर्ने र स्थानीय तहको कार्यपालिकामा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व अनिवार्य गर्नका लागि प्रचलित निर्वाचन कानूनमा भएका विभेदकारी व्यवस्थाहरू खारेज वा संशोधन वा आवश्यकताका आधारमा नयाँ निर्माण गर्ने ।

(ङ) दिगो विकास लक्ष्यको कसैलाई पनि पछाडि नछोड्ने (Leave No One Behind) मूल मान्यता अनुसार दिगो विकास लक्ष्यसँग सम्बन्धित हरेक नीति र कार्यक्रममा अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधि र सरोकारवालाहरूसँग समन्वय तथा परामर्श गरी अपाङ्गता समावेशी बनाउन । समावेशी चरित्र निर्माण गर्दा अपाङ्गताको प्रकार मात्र नभएर यस भित्रको लैंगिकता, जातियता, द्वन्द्वबाट अपाङ्गता भएका व्यक्तिमा परेको प्रभाव, अपाङ्गताको गम्भीरता, क्षेत्रीयता, आर्थिक अवस्था, भौगोलिक लगायतका आधार समेतमा प्राथिमिकता दिन ।

(च) राजनीतिक दलहरूको हरेक इकाई वा समितिमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व सुनिश्चित गर्न बाध्यकारी बनाउने कानूनी व्यवस्था गर्ने ।

(छ) अपाङ्गता भएका व्यक्तिलाइ पहुँचयुक्त मतदानस्थल र निर्वाचन प्रक्रिया तथा मतदाता शिक्षामा अपाङ्गता भएका व्यक्तिहरूलाइ पहुँचयुक्त ढाँचा र विधिबाट प्रदान गर्ने व्यवस्था मिलाउन ।

(ज) अपाङ्गता भएका व्यक्तिको विस्तृत र खण्डिकृत तथ्याङ्क राख्नका लागि अन्तर्राष्ट्रिय स्तरमा अभ्यास गरिएको अपाङ्गता सम्बन्धी तथ्याङ्क सङ्कलन विधि र उपकरणहरू प्रयोग गर्ने । जनगणनामा आएको अपाङ्गताको तथ्याङ्कलाई शिक्षा, स्वास्थ्य, रोजगारी,

द्वन्द्वबाट अपाङ्गता भएका कारण परेको प्रभाव, जीवनयापन, सेवा सुविधामा पहुँच, सामाजिक सुरक्षालगायत सबै वर्ग, क्षेत्र लिङ्ग र विभिन्न वातजातीका अवस्था झल्कने गरी प्रकाशन गर्ने ।

(झ) यो संकल्प प्रस्ताव कार्यान्वयनका लागि अल्पकालीन र दीर्घकालीन रणनीति सहित आवधिक योजना तर्जुमा गर्ने, दिगो विकास लक्ष्य र राष्ट्रिय आवधिक योजनाहरूमा आवद्ध गर्ने ।

## गृह मन्त्रालय

(क) गम्भीर अपाङ्गता भएका तथा विद्यमान अवस्था र वातावरणीय अवरोधहरूको कारण आयआर्जनका कार्यमा संलग्न हुन नसकेका अपाङ्गता भएका व्यक्तिलाई जीवनयापन गर्न आवश्यक पर्ने न्युनतम सामाजिक सुरक्षा उपलब्ध गराउन । सर्वोच्च अदालतको फैसला समेतका आधारमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई कम्तीमा जीवनयापन गर्न सकिने गरी सामाजिक सुरक्षाको दायरामा ल्याउन।

(ख) अभिभावक वा संरक्षक नभएको वा भएर पनि संरक्षण गर्न नसक्ने अवस्थाका अपाङ्गता भएका व्यक्तिको हकमा अवस्थाको निष्पक्ष र विस्तृत विश्लेषण गरी उचित संरक्षणको व्यवस्था मिलाउन ।

(ग) प्राकृतिक तथा अन्य प्रकारका विपद्को अवस्थामा उद्दार, राहत, पुनस्र्थापना, पुनर्निर्माण, पुनर्लाभ जस्ता कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राख्न । यस्तो अवस्थामा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राख्ने भन्ने विषयमा उद्दार, राहत, सेल्टर व्यवस्थापन, सुरक्षा लगायतका सबै कामहरू अपाङ्गतामैत्री र समावेशी बनाउने विषयमा सम्बन्धित पेशाकर्मी, स्वयम्सेवक, कर्मचारी लगायतलाई प्रशिक्षण दिन । विपद् व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीय, जिल्ला, प्रदेश तथा संघीय संयन्त्रहरूमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व गराउन ।

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समुदायमा प्रवाह गरिने सूचना, पूर्वचेतावनी तथा जानकारीहरू अपाङ्गता भएका व्यक्ति लगायत सबैका लागि पहुँचयुक्त बनाउन । साथै विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित जनचेतनामूलक कार्यक्रम, तालिम, अभिमुखीकरण, सिमुलेसन, ड्रिल लगायतका गतिविधिमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गर्ने ।

(ङ) विभिन्न मितिमा अपाङ्गता भएका व्यक्तिको अधिकार प्रचलन गराउन सर्वोच्च अदालतले गरेको फैसला कार्यान्वयन गर्ने । हिंसा, दुव्र्यवहार र शोषणमा परेका अपाङ्गता भएका व्यक्तिलाई समान रूपमा न्यायमा पहुँच सुनिश्चित गर्न प्रहरी संयन्त्र, उजुरी प्रक्रिया, बयान लिने प्रक्रियाहरू अपाङ्गता भएका व्यक्तिका लागि सहज, सुरक्षित, समावेशी र पहुँचयुक्त बनाउन ।

(च) प्रहरी संयन्त्रलाई अपाङ्गता भित्रको विविधता (अशक्तता, लिङ्ग, वर्ग, क्षेत्र, जातजाति, लोपोन्मुख समुदाय लगायत) उनीहरूका सवाल, सम्बोधन गर्नुपर्ने विभिन्न आवश्यकताहरू, सहयोगमा आधारित निर्णय प्रक्रिया, अपाङ्गताको विविधता अनुसारको आवश्यकताहरू, विद्यमान कानूनी व्यवस्थाहरू र उनीहरूलाई सहयोग गर्ने, संरक्षण दिने विषयमा तालिम र अभिमुखीकरण गराउन ।

(छ) अपाङ्गता भएका व्यक्तिमाथि सार्वजनिक स्थानमा अपमान गर्ने, दुव्र्यवहार गर्ने, हिंसा गर्ने, सरकारले दिएका सेवा सुविधाको उपयोगमा अवरोध सिर्जना गर्नेहरूका विरूद्धमा तत्काल गुनासो सुन्ने र तत्काल कार्वाही गर्ने संयन्त्रको विकास गर्ने ।

(ज) द्वन्द्वका कारण अपाङ्गता भएका व्यक्तिमा परेको आर्थिक, सामाजिक र मानसिक असरको मूल्याङ्कन गरी उचित क्षतिपूर्ति उपलब्ध गराउन, द्वन्द्वको कारण भएको अपाङ्गताको प्रतिशत निर्धारण गर्ने निर्देशिकाको संशोधन गर्ने र निष्पक्ष, यथाशिघ्र वर्गीकरण गर्ने र सेवा सुविधा उपलब्ध गराउन ।

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) संविधानप्रदत्त मौलिक हक तथा नेपाल पक्ष रहेको अपाङ्गता अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि र सम्बन्धित कानूनहरूको सफल र प्रभावकारी कार्यान्वयन गर्ने ।

(ख) अपाङ्गता भएका व्यक्तिमाथि हुने लैङ्गिक तथा अन्य हिंसा र दुव्र्यवहारका घटनाहरू हुन नदिन र भएको खण्डमा न्यायिक प्रक्रियालाई पहुँचयुक्त र प्रभावकारी बनाउन कार्यदल गठन गरेर अध्ययन र अनुमगन गरी सोको प्रतिवेदन अनुसार सम्बन्धित निकायलाई निर्देशन दिन ।

(ग) अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा विद्यमान विभेदकारी व्यवस्थाको संशोधन वा खारेज तथा बन्न बाँकी कानूनी व्यवस्थाहरू गर्ने ।

(घ) समावेशिताको अवसर र सहुलियतका कारण अपाङ्गता परिचयपत्रको दुरुपयोग हुने क्रम बढिरहेको छ । ढाँटी, छली परिचयपत्र लिने, दिने र सोको दुरुपयोग गर्ने कार्यलाई आपराधीकरण गरी गरी थप दण्ड सजायको व्यवस्था गर्ने ।

(ङ) छापा अक्षर पढ्न नसक्ने अपाङ्गता भएका व्यक्तिका लागि लक्षित म्याराकस सन्धि अनुमोदन गर्ने ।

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

(क) स्थानीय तहमै सार्वजनिक तथा संस्थागत विद्यालयहरूमा अपाङ्गता भएका बालबालिकाको लागि छात्रवृत्ति सहितको निःशुल्क शिक्षाको सुनिश्चितता गर्ने । अपाङ्गता

भएका बालबालिकालाई भर्ना नलिने सामुदायिक वा संस्थागत जुनसुकै विद्यालयलाई कार्बाही गर्न । सबै शिक्षकलाई अपाङ्गता समावेशी शिक्षाको बारेमा प्रशिक्षण प्रदान गर्न ।

(ख) विद्यालयको भौतिक तथा शैक्षिक वातावरण अपाङ्गता भएका बालबालिकाहरूका लागि पहुँचयुक्त बनाउन । सिकाइ विधि, शिक्षण सामग्री, मूल्याङ्कन तथा परीक्षा प्रणालीहरू अपाङ्गताको प्रकृति र व्यक्तिको आवश्यकताअनुसार पहुँचयुक्त र लचिलो बनाउन । विद्यालयमा अपाङ्गता भएका बालबालिकालाई सिक्नका लागि चाहिने साङ्केतिक भाषा, पहुँचयुक्त आधुनिक सूचना प्रविधि, ब्रेल, अडियो भिजुअल, सरल भाषा तथा चित्रात्मक विधि, स्पर्श संकेत, क्यापसनिङ लगायतका वैकल्पिक विधिको प्रयोगलाई प्रबद्र्धन गर्न ।

(ग) कक्षा र सिकाइ विधिलाई सबैका लागि समावेशी गुणस्तरीय बनाउन युनिभर्सल डिजाइन फर लर्निङको सिद्धान्तलाई अबलम्बन गराउन र सबैतिर युनिभर्सल डिजाइन फर लर्निङका आधारमा सिकाइ पेडागोजी प्रवद्र्धन गर्न ।

(घ) भर्नाकै क्रममा विश्व स्वास्थ्य संगठन र वासिङटन समुहले निर्माण गरी विश्वव्यापी रूपमा प्रयोगमा रहेका लेखाजोखा विधि र उपकरणहरूको प्रयोग गरी सबै बालबालिकाको कार्यगत क्षमता र सिमितताहरू (Functional capacity and limitations) को विस्तृत लेखाजोखा गर्ने व्यवस्था गर्न र पहिचान गरिएको नतिजाको आधारमा अपाङ्गता भएका बालबालिकाको थप क्षमता विकास र उनीहरूका लागि चाहिने पहुँचयुक्त विधिको प्रयोग गरी सिक्ने वातावरण सिर्जना गर्न ।

(ङ) बहिराहरूको प्रभावकारी सिकाइका लागि पाठ्यपुस्तक र पाठ्यसामग्री सांकेतिक भाषामा रूपान्तरण गराउन ।

(च) विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्न र उनीहरूलाई विद्यालय प्रणाली भित्र ल्याउनका लागि स्थानीय तहमार्फत अभियान चलाउन।

(छ) द्वन्द्वपीडित र अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई छात्रवृत्ति र निशुल्क शिक्षाको व्यवस्था गर्न । अपाङ्गतामैत्री खेलकुद तथा मनोरञ्जनका कार्यक्रम प्रभावकारी बनाउन ।

(ज) बौद्धिक अपाङ्गता, अटिजम, डाउनसिन्ड्रोम, श्रवण-दृष्टिविहिन, गम्भीर सेरेबल पल्सी लगायत सिक्नका लागि सहायक शिक्षकको आवश्यकता पर्ने गम्भीर अपाङ्गता भएका बालबालिकाको लागि समावेशी कक्षामा सिकाइमा सहजीकरण गर्न सहायक तथा सहयोगी शिक्षकको व्यवस्था गर्न ।

(झ) अपाङ्गता समावेशी शिक्षामा शिक्षकहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न । अपाङ्गता भएका बालबालिकालाई सँधै स्रोतकक्षामै मात्र राखिरहने पद्धतिको अन्त्य गरी सरकारले लागु गरेको समावेशी शिक्षा नीतिलाई कार्यान्वयन गर्न र स्रोतकक्षालाई

अपाङ्गता भएका बालबालिकालाई सिक्न चाहिने थप आवश्यक स्रोत सहयोग गर्ने निकायको रूपमा विकास गर्ने । जीवनपर्यन्त सिकाइको अवसर अपाङ्गता भएका व्यक्तिहरूको लागि सुनिश्चित गर्ने । निशुल्क शिक्षा दिने संवैधानिक र कानूनी व्यवस्थालाई संस्थागत विद्यालय र उच्चशिक्षामा समेत लागू गर्ने ।

(ञ) अपाङ्गता भएका शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, पदस्थापन, सेवा सुविधा र समग्र वृत्ति विकासमा अपाङ्गता अनुकूल हुने व्यवस्था अङ्गिकार गर्ने । शिक्षक सेवामा अपाङ्गता भएका व्यक्तिको समावेशितालाई प्रवद्र्धन गर्न विशेष व्यवस्था सहित आरक्षण कोटा थप बढाउन ।

(ट) अपाङ्गताभित्र पनि आर्थिक, सामाजिक र भौगोलिक रूपमा पछाडि परेका विभिन्न वर्ग, समुदाय र जातजातिहरूको पठन पाठन आफ्नै मातृभाषामा हुने व्यवस्था गर्ने ।

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(क) अपाङ्गता भएका व्यक्ति लक्षित व्यावसायिक र सिप विकास तालिमहरू सञ्चालन गर्ने र निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको रोजगारी प्रवद्र्धनका लागि उद्योग तथा व्यवसायीहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम लागु गर्ने ।

(ख) अपाङ्गताको प्रकृति अनुरुप उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार तथा स्वरोजगारीका अवसरहरू सिर्जना गर्दै उद्यमशीलताको विकास गर्न विशेष आर्थिक सहयोगको व्यवस्था गर्ने ।

(ग) उनीहरूको क्षमता र रुचि अनुसारको आयआर्जन व्यवसाय सञ्चालन गर्न आर्थिक सहयोग (अनुदान) र बिनाधितो र सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउन ।

(घ) अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने उद्यमी व्यवसायीलाई विशेष सम्मान र प्रोत्साहनको व्यवस्था गर्ने ।

(ङ) अपाङ्गता भित्र पनि बौद्धिक अपाङ्गता, अटिजम, बहुअपाङ्गता, श्रवण-दृष्टिविहिन, जातजाति, लोपोन्मुख समुदाय र गम्भीर अपाङ्गता भएका ब्यक्तिलाई व्यावसायिक तालिम र रोजगारीमा अवसरहरू सिर्जना गर्ने र उत्पादन गरेका सामग्रीहरूको बजार व्यवस्थापनको जिम्मेवारी लिने ।

(च) वैदेशिक रोजगारीमा रहेका नेपालीहरू दुर्घटनाबाट अपाङ्ग भएका व्यक्ति र आश्रित परिवारको सुरक्षा र जीवन निर्वाहको लागि वैदेशिक रोजगार कल्याणकारी कोषमार्फत व्यवस्था मिलाउन ।

## अर्थ मन्त्रालय

(क) अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षणसँग सम्बन्धित कानूनी तथा नितिगत व्यावस्था कार्यान्वयनका लागि पर्याप्त बजेट व्यावस्था गर्ने ।

(ख) अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सामग्री तथा उपकरणमा र यदि यस्ता उपकरणहरू नेपालमा उत्पादन हुने भएमा सोका लागि ल्याइने कच्चा पदार्थमा भन्सार तथा कर छुटको व्यवस्था गर्ने ।

(ग) सार्वजनिक यातायातमा सहुलियत बढाउँदै अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने अपाङ्गतामैत्री सवारी साधन, उपकरणमा भन्सार र कर छुटको व्यवस्था गर्ने ।

(घ) अपाङ्गता भएका व्यक्तिको आवागमनको लागि आवश्यकताको आधारमा साना चारपाँग्रे सवारी साधन (कार वा जीप) भन्सार र कर छुट सुविधामा आयात गर्ने व्यवस्था मिलाउने।

(ङ) सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम तथा गरिवी निवारण कार्यक्रम भित्र अपाङ्गता भएका व्यक्तिलाई सहभागी गराउने र लाभग्राहीको तथ्याङ्कमा अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क अलग्गै राख्ने व्यवस्था गर्ने ।

(च) अपाङ्गता भएका व्यक्तिले सञ्चालन गरेका उद्योग, कलकारखाना, व्यवसायका लागि चाहिने कच्चा पदार्थमा भन्सार छुटको व्यवस्था गर्ने ।

## सूचना तथा सञ्चार मन्त्रालय

(क) सार्वजनिक सूचना तथा सञ्चारका सामग्रीलाई बहिरा, दृष्टिविहीन, सुस्त श्रवण, अटिजम, बौद्धिक अपाङ्गता, श्रवणदृष्टिविहीन लगायत सबैका लागि पहुँचयुक्त हुने गरी बनाउने मापदण्ड बनाई लागू गर्ने । सरकारी कार्यालयका वेवसाइटहरूलाई अनिवार्य रूपमा पहुँचयुक्त बनाउने नीति र कानून निर्माण गर्ने ।

(ख) पहुँचयुक्त सूचना प्रविधिको विकास तथा प्रवद्र्धन गर्ने ।

(ग) सार्वजनिक सूचना तथा जानकारी सबैका लागि हुने गरी विभिन्न वैकल्पिक तथा पहुँचयुक्त ढाँचामा (जस्तैः अडियो, ब्रेल, अडियो-भिजुअल, साङ्केतिक भाषा, साङ्केतिक भाषा र क्याप्सनिङ सहितको अडियो-भिजुअल, चित्रात्मक विधि, ठूला छापा अक्षर लगायत) उत्पादन तथा वितरण गर्नका लागि मापदण्ड र निर्देशिका बनाई लागु गर्ने ।

(घ) व्यक्ति, समूह, सरकारी, गैरसरकारी, निजी सबैका लागि हुने गरी वेवसाइट निर्माण सम्बन्धी मापदण्ड निर्माण गर्ने जसमा न्यूनतम पहुँचयुक्तता सम्बन्धी मापदण्डहरू अनिवार्य रूपमा समावेश गराउने व्यवस्था गर्ने ।

## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

(क) अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्रीहरू, कृतिम हात खुट्टा लगायतका सामग्रीहरू स्थानीय तहमार्फत निशुल्क उपलब्ध गराउने व्यवस्था गर्न र विभिन्न प्रकारका थेरापी सेवाहरू (जस्तै फिजियोथेरापी, अकुपेशनलथेरापी, स्पिचथेरापी लगायत), औषधिहरू (जस्तै छारे रोग, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने, बौद्धिक अपाङ्गता, अटिजम भएका व्यक्तिहरूले प्रयोग गर्ने लगायत), परामर्श सेवा, मनोपरामर्श सेवाहरू, रेफरल सेवा स्थानीय तहबाट उपलब्ध हुने व्यवस्था गर्न र विशिष्ट प्रकारका स्वास्थ्य तथा पुनस्र्थापना सेवाहरू स्थानीय, जिल्ला तथा प्रदेश अस्पतालहरूबाट प्राप्त हुने व्यवस्था गर्न।

(ख) हेमोफिलियाको लागि नियमित लगाउनु पर्ने औषधि (एन्टीहेमोफिलिक फ्याक्टर) निशुल्क उपलब्ध गराउन । साथै सिकलसेल, थेलोसेमिया भएका व्यक्तिको औषधि, वा आवश्यक पर्ने अन्य औषधि र उपचारको व्यवस्था गर्न ।

(ग) अपाङ्गताको प्रारम्भिक पहिचान, हस्तक्षेप र पुनस्र्थापनाको लागि स्थानीय तहमार्फत कार्यक्रमहरू सञ्चालन गर्न र यसका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग समन्वय गरी विधि, मापदण्ड तयार गर्न ।

(घ) स्वास्थ्य सम्बन्धी सबैखाले पुनस्र्थापना सेवा (विश्व स्वास्थ्य संगठनले स्वीकृत गरेका) लाई स्वास्थ्य प्रणालीमा एकीकृत गर्न र सेवाको आवश्यकता र स्तर हेरी यस्ता सेवाहरू क्रमश प्राथमिक, द्वितीय र तृतीय तहका अस्पतालहरूमा उपलब्ध गराउन । नेपालमा पुनस्र्थापना सेवा दिने पेशागत विज्ञता, ज्ञान र सीप भएका व्यक्तिको संख्या असाध्यै न्यून भएको हुनाले सो परिपूर्तिको लागि सरकारले नेपालमै त्यस्ता मानवस्रोतहरू उत्पादन गर्ने व्यवस्था गर्न । स्थानीय स्वास्थ्य संस्थाहरूबाटै यस्ता सेवाहरू उपलब्ध गराउने व्यवस्था गर्न ।

(ङ) अपाङ्गता भएका व्यक्तिका लागि सम्बन्धित स्थानीय तहमार्फत निशुल्क स्वास्थ्य बिमा गरी सो मार्फत स्वास्थ्य तथा पुनस्र्थापना सेवा र सहायक सामग्री उपलब्ध गराउन ।

(च) अपाङ्गता भएका महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारका लागि अस्पतालहरूमा पहुँचयुक्त वातावरण निर्माण गर्न । लेवर वेड, शौचालय र अन्य सुविधाहरू पहुँचयुक्त बनाउन । अपाङ्गता भएका महिलाको लागि प्रसूति अवस्थामा सेवा दिन र हेरचाह गर्न विशेष व्यवस्था गर्न । यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी प्रवद्र्धनात्मक कार्यक्रमहरू, तालिम, सेमिनारहरूमा अपाङ्गता भएका महिलाहरूको सहभागिता सुनिश्चित गर्न । अपाङ्गता भएका महिलाहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकार लक्षित अलग्गै कार्यक्रमहरू सञ्चालन गर्न । आवश्यकता अनुसार अस्पताल तथा स्वास्थ्य संस्थामा साङ्केतिक भाषा दोभाषे, क्याप्सनिङको लगायतका व्यवस्था गर्न ।

(छ) परामर्श, रेफरल, मनोपरामर्श, विशिष्ट स्वास्थ्य सेवा, पुनर्स्थापना सेवालाई सेवाको स्तर र स्वास्थ्य सम्बन्धी संस्थाहरूको क्षमता अनुसार स्थानीय, जिल्ला तथा प्रदेश अस्पतालमार्फत उपलब्ध गराउन ।

(ज) अपाङ्गता भित्र रहेका बौद्धिक अपाङ्गता, अटिजम, बहुअपाङ्गता श्रवणदृष्टिविहिन अवस्था भएका बालबालिका/व्यक्तिका लागि जीवनपर्यन्त आवश्यक थेरापी सेवा सामुदायिक अस्पतालहरूमा उपलब्ध गराउन । कम्तिमा प्रदेशस्तरमा बहुउद्देश्यीय पुनर्स्थापना सेवा सञ्चालन गर्न र उनीहरूका लागि दैनिक चाहिने स्वास्थ्य तथा सरसफाइ सम्बन्धी सामग्रीहरू स्थानीय स्वास्थ्य संस्थाबाट उपलब्ध हुने व्यवस्था मिलाउन ।

(झ) स्वास्थ्य सम्बन्धी सबै प्रवद्र्धनात्मक क्रियाकलापमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गर्न । प्रवद्र्धनात्मक सूचना सामग्रीहरूलाई बहिरा, श्रवणदृष्टिविहीन, बौद्धिक अपाङ्गता भएका, दृष्टिविहीन, सुस्त श्रवण, अटिजम भएका, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त बनाउन ।

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सहरी विकास मन्त्रालय

(क) सबै प्रकारका सार्वजनिक स्थल, संरचना, भवन, भौतिक पूर्वाधारहरू, यातायात सेवा, सूचना तथा सञ्चार प्रणाली, सार्वजनिक सूचनाहरू, पहुँचयुक्त बनाउन । यसका लागि हाल रहेको अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सम्बन्धी निर्देशिका २०६९ लाई ऐनका रूपमा परिणत गरी यसको पूर्ण र प्रभावकारी कार्यान्वयन गराउने व्यवस्था गर्न । सार्वजनिक संरचना निर्माण गर्दा यसको पालनालाई अनिवार्य गराउने व्यवस्था गर्न र कार्यान्वयन भए/नभएको हेर्न, पहुँचयुक्तता परीक्षण गर्न तथा यस सम्बन्धी प्रभावकारी अनुगमन गर्ने स्पष्ट व्यवस्था गर्न ।

(ख) सहरी विकासका कार्यक्रमहरू, भौतिक पूर्वाधार निर्माणको डिजाइन, नक्सा, अनुगमन सबैमा पहुँचयुक्तताका मापदण्डहरू सुनिश्चित गर्न । सार्वजनिक स्थल, भवन, सडक, सूचना प्रविधि, सूचना तथा सञ्चार प्रणालीहरूमा युनिभर्सल डिजाइनका सिद्दान्तहरूमा ध्यान दिँदै पहुँचयुक्तता सम्बन्धी मापदण्डहरू लागु गर्न ।

(ग) सार्वजनिक यातायातका साधनहरू पहुँचयुक्त बनाउन । सार्वजनिक बसहरूको मापदण्ड तय गर्दा अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका, ज्येष्ठ नागरिक सबैलाई प्रवेश गर्न र बाहिर निस्कन सहज हुने किसिमको सार्वजनिक सवारी साधनलाई मात्र सञ्चालनको अनुमति दिने व्यवस्था गर्न । सार्वजनिक सवारी साधनभित्र यात्रुलाई सूचना दिने व्यवस्था गर्न र यस्तो सूचना साङ्केतिक भाषा, अडियो, भिजुअल, क्याप्सनिङ र चित्रहरूको प्रयोग गरेर दिने व्यवस्थालाई अनिवार्य गर्न ।

(घ) अपाङ्गता भएका व्यक्तिले प्रयोग गने सवारी साधनलाई अपाङ्गतामैत्री सामान्य सुधार वा मोडिफिकेसन गर्न सकिने व्यवस्था गर्न ।

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(क) अपाङ्गता भएका श्रमिक, मजदुरको आधारभूत सुरक्षा, अन्तर्राष्ट्रिय श्रम संगठनले निर्धारण गरेका मापदण्डहरूको कार्यान्वयन गर्न ।

(ख) अपाङ्गता भएका व्यक्तिको लागि आवश्यक सामग्रीहरूको आपूर्ति व्यवस्था र सर्वसुलभ बनाउन ।

(ग) अपाङ्गता भएका व्यक्ति र परिवारलाई उद्यमशीलता विकास गर्न आवश्यक व्यवस्था मिलाउन ।

(घ) विभिन्न जातजाति र लोपोन्मुख समुदायका अपाङ्गता भएका व्यक्तिले आफ्नो पुर्ख्यौली पेशा वा व्यवसायलाई अँगाल्न चाहेमा सहुलीयत सहित सहजीकरण गर्ने व्यवस्था गर्न ।

## युवा तथा खेलकुद मन्त्रालय

(क) युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद् र अन्य मातहतका निकायबाट सञ्चालन हुने हरेक कार्यक्रममा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गराउन । अपाङ्गता भएका युवालक्षित छुट्टै कार्यक्रम लागू गर्न ।

(ख) अपाङ्गता भएका व्यक्तिले खेल्ने पारा तथा विशेष खेलकुदको प्रवद्र्धनका लागि थप कार्यक्रम व्यवस्था गर्न । विशेष तथा पारा खेललाई प्रवद्र्धन गरिरहेका राष्ट्रियस्तरका संस्थाहरू खेलकुद सम्बन्धी विद्यमान कानून अनुसार राष्ट्रिय खेलकुद परिषद्मा दर्ता हुन नसक्ने खालका कठिन प्राबधानहरू हटाई सहज बनाउन ।

(ग) अपाङ्गता भएका व्यक्तिले खेल्ने सबै प्रकारका विशेष तथा पारा खेलकुदको विकासका लागि संघ र प्रदेशमा आवश्यक भौतिक पूर्वाधारहरू निर्माण गर्न । विद्यमान खेलसम्बन्धी संरचनाहरू पहुँचयुक्त बनाउन । अपाङ्गता भएका खेलाडीलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा नै प्रतिस्पर्धी बनाउन नियमित रूपमा आवश्यक तालिम र प्रशिक्षणको व्यवस्था गर्न । खेल सामग्रीको उपलब्धता सुनिश्चित गर्न ।

(घ) राष्ट्रिय, प्रदेश र जिल्लास्तरमा पारा तथा विशेष खेलकुदहरूको आयोजना गर्ने र यसका लागि संघ र प्रदेश तहमा पर्याप्त बजेटको व्यवस्था गराउन । खेलकुद सम्बन्धी समितिहरू अपाङ्गता समावेशी बनाउन ।

## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(क) प्रत्येक स्थानीय तहले विनियोजन गर्ने जम्मा बजेटको निश्चित प्रतिशत छुट्याई अपाङ्गता भएका ब्यक्तिको अधिकारको प्रचलन र विकासमा खर्च हुने कानूनी व्यवस्था गर्ने ।

(ख) स्थानीय सरकारलाई अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क सङ्कलन गर्ने र परिचयपत्र वितरणको तथ्याङ्क राख्ने विधि र प्रक्रियामा एकरूपता कायम गर्न आवश्यक मार्गदर्शन दिने र यसका लागि बजेट छुट्याउन । परिचयपत्र सम्बन्धी व्यवस्था, निर्देशिका, मापदण्डका बारेमा सम्बन्धित जनप्रतिनिधि र कर्मचारीलाई शिक्षा, तालिम र अभिमुखीकरण गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ग) निजामती तथा सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्तिको समावेशितालाई प्रवद्र्धन गर्न विशेष व्यवस्था सहित आरक्षण कोटा बढाउन । सरकारले सञ्चालन गरेका रोजगारी तथा स्वरोजगार कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिका लागि सुनिश्चित गर्ने । लोकसेवा आयोगको परीक्षा प्रणाली, अन्तर्वार्ताको विधि र प्रक्रिया, परीक्षास्थलहरू अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाउन । निजामती तथा सार्वजनिक सेवामा प्रवेश गर्नका लागि झुटो विवरण दिई अपाङ्गता परिचयपत्र लिनेहरूको विषयमा आवश्यक छानविन गर्ने र यस्तो गर्नेहरूमाथि कानून बमोजिम कार्बाही गरी नियुक्ति बदर गर्ने।

(घ) हरेक स्थानीय तहले आफ्नो भौगोलिक अधिकार क्षेत्र भित्र बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरूको खण्डीकृत तथ्याङ्क लिन र उनीहरूको व्यक्तिगत प्रोफाइल तयार पारी उनीहरूलाई आवश्यक पर्ने सेवा तथा सुविधाको लगत राख्न र आवश्यकता परेका बखत तत्कालै उनीहरूलाइ सेवा तथा सुविधा प्रदान गर्ने ।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(क) अपाङ्गता पहिचान तथा परिचय पत्र वितरणका मापदण्ड र सूचकहरूलाई मापनयोग्य, सरल र विश्वासिलो बनाउन । यसका लागि निर्देशिकामा आवश्यक संशोधन गर्ने । अपाङ्गताको परिभाषा र वर्गीकरणलाई वैज्ञानिक र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार संशोधन गर्ने ।

(ख) सबै स्थानीय तहबाट वितरण गरिने अपाङ्गता परिचयपत्रमा एकरूपता कायम गर्न परिचयपत्रलाई विद्युतीय प्रणलीमा आवद्ध गरी ढाँचा, आकार, प्रकार, रंग, गुणस्तर एकै मिलानको बनाउन । सबै स्थानीय तह र प्रदेशलाई समेत हुने गरी वेवप्रविधिमा आधारित एकीकृत डाटावेस प्रणाली सञ्चालन गर्ने ।

(ग) अपाङ्गता भएका व्यक्तिको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ९ तथा नियमावलीको व्यवस्था अनुसार हरेक स्थानीय तहबाट समुदाय स्तरमा सामुदायिक सहायताहरू उपलब्ध गराउन ।

(घ) अपाङ्गता भएका व्यक्तिलाई बिभेद गर्ने गरी प्रचलनमा रहेका संरक्षण पद्धतिका अपाङ्गता भएका व्यक्तिको कानूनी क्षमतालाई नमान्ने कानूनी व्यावस्थाहरु खारेजी गर्ने ।

(ङ) सहयोगीसहितको निर्णय पद्धतिको स्थापना र विकासको लागि कानून बनाउन ।

(च) अपाङ्गता भएका व्यक्तिको हकमा बनेका कानूनी प्रबन्धको प्रचार प्रसार र कानूनी शिक्षासँग सम्बन्धित क्रियाकलापहरू गर्ने ।

(छ) अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने सहायक सामग्री तथा उपकरणहरू स्वदेशमै उत्पादन गर्ने र स्थानीय तहबाट उपलब्ध हुने व्यवस्था गर्ने ।

(ज) सरकार, दातृ निकाय तथा विभिन्न संघ-संस्थामार्फत सञ्चालन हुने समुदायमा आधारित पुनस्र्थापना, समुदायमा आधारित समावेशी विकास, अपाङ्गता समावेशीकरण, लगायतका विभिन्न कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिका संस्थाहरूको सहभागिता, साझेदारी, र सहकार्य बढाउन ।

(झ) अपाङ्गता भएका व्यक्तिको अधिकार प्रभावकारी कार्यान्वयनका लागि संविधान एवं सम्बन्धित ऐन अनुकूल हुने गरी अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ परिमार्जन गर्ने ।

(ञ) संयुक्त राष्ट्रसंघीय अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी समितिले नेपाल सरकारलाई दिएका सिफारिसहरू कार्यान्वयन गर्ने, गराउन ।

(ट) जनतालाई दैनिक सेवा सुविधा उपलब्ध गराउने स्थानीय सरकारी वा गैरसरकारी संस्थाहरूको क्षमता विकास र सवलीकरण गरी उक्त संस्थाहरूबाटै अपाङ्गता भएका व्यक्तिले अन्य सरह सेवा सुविधा लिन सक्ने वातावरण सिर्जना गर्ने ।

(ठ) प्रत्येक स्थानीय तहबाट अपाङ्गता भएका व्यक्तिहरूको खण्डिकृत तथ्याङ्क लिन सहयोग पुग्ने एकीकृत अपाङ्गता सम्बन्धी सूचना व्यवस्थापन प्रणाली (DIMS) को विकास गरी प्रवद्र्धन गर्ने ।

(ड) अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित, उनीहरूका अभिभावकद्वारा सञ्चालित र अपाङ्गता भएका व्यक्तिलाई विभिन्न सेवा सुविधा उपलब्ध गराइरहेका संस्थाहरूको क्षमता विकास, उनीहरूले समुदायमा गर्ने चाहेका कार्यक्रमहरू र सशक्तीकरणका लागि अनुदान सहयोगको व्यवस्था गर्ने । अपाङ्गता सम्बन्धी जनचेतना र पैरवीका लागि यस्ता संस्थाहरूको परिचालन गर्ने । निर्णय प्रक्रियामा यस्ता संस्थाहरूको सहभागिता सुनिश्चित गर्ने ।

(ढ) अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त वातावरण एवं सूचना तथा सञ्चार सम्बन्धी छुट्टै बाध्यकारी ऐन निर्माण गरी लागु गर्ने ।

(ण) अपाङ्गता भएका व्यक्तिको समुदाय स्तरमै स्वावलम्बी जीवन प्रवद्र्धनका लागि नीतिगत व्यावस्था गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

(त) पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिका लागि परिवार सहायता, व्यक्तिगत सहयोगी तथा हेरचाह सहयोगीका लागि नीतिगत तथा कार्यक्रमगत व्यावस्था गर्ने ।

(थ) अपाङ्गता भएका व्यक्तिमाथि हुने हिंसा, अपमान, दुव्र्यवहार र शोषणका विरूद्धमा जनचेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्ने । यस्ता सामाजिक रोगहरूको विरूद्धमा लड्न अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

(द) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनमा व्यवस्था भएअनुसारको अपाङ्गता सम्बन्धी राष्ट्रिय निर्देशन समितिलाई काम गर्ने सचिवालय सहित सक्रिय गराउन । प्रदेशस्तरमा पनि सो ऐन अनुसार गठन हुनुपर्ने प्रदेशस्तरीय अपाङ्गता समन्वय समितिको गठन तथा परिचालनको लागि समन्वय गर्ने ।

(ध) अपाङ्गता भएका व्यक्तिको अधिकार र विकासका लागि अन्तर मन्त्रालय, अन्तर तह, अन्तर निकाय तथा सरोकारवालाहरूसँग सम्पर्क र विषयगत मन्त्रालयको हैसियतमा प्रभावकारी समन्वय र सहकार्य बढाउन ।

(न) यो संकल्प प्रस्ताव पारित भएको तीन महिनामा अन्तर मन्त्रालय, निकाय, तह र सरोकारवालाहरूसँग परामर्श र छलफल गरी संकल्प प्रस्ताव कार्यान्वयनका लागि एकीकृत कार्यान्वयन कार्ययोजना बनाउन, हरेक आर्थिक वर्षमा मध्यावधि मूल्याङ्कन गर्ने र हरेक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र संसदको सम्बन्धित समितिहरूमा कार्यप्रगति प्रतिवेदन पेश गर्ने ।

**प्रस्तावकः** मा. प्रकाश पन्थ

संकल्प प्रस्ताव दर्ता मितिः २०८० भाद्र ३१ गते, आइतवार

संकल्प प्रस्ताव पारित मितिः २०८० असोज २६ गते, शुक्रवार